# स्वतः प्रकाशन (Proactive Disclosure)



## डिभिजन वन कार्यालय, दोलखाको सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) अनुसार आ.व. २०८१/८२ को तेस्रो त्रैमासिक अवधिको सार्वजनिक गरिएको विवरण

बैशाख , २०८२

# विषयबस्तु


1 पृष्ठभूमि ....2

2 डिभिजन वन कार्यालयको कार्यक्षेत्र ....2

3 डिभिजन वन कार्यालयको काम, कर्तव्य ....5

4 साङ्गठनिक संरचना ....5

5 जिल्लामा वन व्यवस्थापन मोडालिटी र संलग्न समूह/समुदायहरूको विवरण ....6

6 डिभिजन वन कार्यालय, दोलखाबाट प्रदान हुने सेवाको विवरण (नागरिक बडापत्र) ....7

7 वार्षिक कार्यक्रम र वजेट .... 10

8 आ.व. २०८१/८२ को पहिलो त्रैमासिकमा सञ्चालन भएका कार्यक्रमको विवरण तथा खर्च.... 10

9 २०८१ साल पौष मसान्तसम्मको मुख्य मुख्य वस्तुगत उपलब्धि .... 12

10 प्राप्त राजश्वको विवरण .... 12

11 सूचना अधिकारी : .... 12

12 गुनासो सुन्ने अधिकारी : .... 12

13 कार्यालय प्रमुखको नाम र पद: .... 13

14 कार्यालयसँग सम्बन्धित मुख्य मुख्य ऐन, नियमावली, कार्यविधि र निर्देशिकाहरूको सूची विवरण .... 13

१६ डिभिजन वन कार्यालय दोलखाबाट तेस्रो त्रैमासिकमा सञ्चालित कार्यक्रमहरूको तस्बिरहरू .... 14

# डिभिजन वन कार्यालय, दोलखाको आ.व. २०८१/८२ को
# तेस्रो त्रैमासिक अवधिको सार्वजनिक गरिएको विवरण

## १ पृष्ठभूमि

दोलखा नेपालको बागमती प्रदेशको उत्तरतर्फ अवस्थित एक पहाडी जिल्ला हो। यो जिल्ला नेपालको मान चित्रमा २७° २८" उत्तरदेखि २८° ००" उत्तरी अक्षांश र ८५° ५०" पूर्वदेखि ८६° ३२" पूर्वी देशान्तरसम्म फैलिएको छ। कुल २१९१ वर्ग कि.मि. क्षेत्रफल भएको यस जिल्लाको पूर्वमा सोलुखुम्बु र रामेछाप जिल्ला, पश्चिममा सिन्धुपाल्चोक जिल्ला, उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बत र दक्षिणमा रामेछाप जिल्ला पर्दछ। नेपालको राजधानी काठमाडौंबाट १३३ कि. मी. पूर्वमा पर्ने यो जिल्लाको सदरमुकाम चरिकोट हो। समुद्र सतहदेखि ७६२ मी. (सित्तली) उचाइदेखि ७१३४ (गौरीशङ्कर) सम्मको उचाइमा रहेको यस जिल्लाको गौरीशङ्कर हिमाललाई आधार मानी नेपालको प्रमाणिक समय निर्धारण गरिएको छ। २००७ साल पूर्व र त्यसपछि २०१८ सालसम्म पनि पूर्व २ नं. गोश्वराको प्रशासनिक इकाइको रूपमा रहेको दोलखालाई २०१८ सालदेखि मात्र अलग जिल्लाको रूपमा अस्तित्वमा आए पनि २०२४ सालदेखि मात्र अदालत, मालपोत, प्रहरी, हुलाक, स्वास्थ्य जस्ता जिल्ला स्तरीय कार्यालयहरू स्थापना हुन थालेका हुन्। ऐतिहासिक स्थल दोलखाको नामबाट नामाकरण गरिएको यस जिल्लाका केही स्थानहरूमा किरात वा लिच्छवीकालदेखि नै वस्ती बसेको अनुमान छ।

यस जिल्लाको अधिकांश भूभाग उच्च पहाड तथा हिमालले ढाकिएको छ। पहाड र हिमालको खोँच, नदी किनार, टार र बेंसी गरी जम्मा १० प्रतिशत भूभाग मात्र समतल भएको अनुमान छ। भू-धरातलीय स्वरूपको आधारमा ३५ प्रतिशत भूभाग उच्च हिमाली भेगमा, ४० प्रतिशत भूभाग उच्च पहाडी भागमा र २५ प्रतिशत भूभाग मध्य पहाडी भागले ओगटेको छ।


| भू धरातलको किसिम | क्षेत्रफल (हेक्टरमा) | प्रतिशत % |
|---|---|---|
| उच्च हिमाल | ७५००० | ३५ |
| उच्च पहाड | ८५७१४ | ४० |
| मध्य पहाड | ५३५७३ | २५ |

## २ डिभिजन वन कार्यालयको कार्यक्षेत्र

राजनीतिक व्यवस्थामा समूल परिवर्तनसँगै देश सङ्घीयतामा गएकोले सङ्घीय विभाजन हुँदा दोलखा जिल्ला बागमती प्रदेशमा परेको छ। बागमती प्रदेशको पूर्वी भेगमा अवस्थित यस जिल्लाको वन संरक्षण, सम्वर्द्धन तथा सदुपयोगका साथै वन विकासका लागि यस जिल्लामा ६ वटा सब-डिभिजन वन कार्यालयहरू स्थापना भएका छन्। समग्र जिल्लाको वन क्षेत्रको नियमन गर्न सदरमुकाम चरिकोटमा डिभिजन वन कार्यालय रहेको छ भने जिल्लावासीलाई वन कार्यालयबाट प्रदान गरिने सेवा सहज र सर्वसुलभ ढङ्गले प्रदान गर्न सकियोस् भन्ने अभिप्रायले सब-डिभिजन वन कार्यालयहरूको स्थापना गरिएको हो। जिल्लाको साविकको १४ वटा गा.वि.स. गौरीशङ्कर संरक्षण क्षेत्रमा पर्दछन्, जसको जम्मा क्षेत्रफल १,३६,४६४ हेक्टर रहेको छ। यो जिल्लाको कुल क्षेत्रफल २,१४,८७० हेक्टरको ६३.५१% क्षेत्रफल हो। बाँकी ७८,४०६ हेक्टर क्षेत्रफल (३६.४९%) गौरीशङ्कर संरक्षण क्षेत्र बाहिर अर्थात्

डिभिजन वन कार्यालयको कार्यक्षेत्रमा पर्दछ। सब-डिभिजन वन कार्यालयहरूको मुकाम र कार्यक्षेत्र निम्नानुसार रहेका छन्।

| सि.नं. | सब-डिभिजन वन कार्यालयको नाम | मुकाम | कार्यक्षेत्र | कैफियत |
|---|---|---|---|---|
| १ | भिमेश्वर सब-डिभिजन वन कार्यालय | भीमेश्वर न.पा. ६, चरिकोट | भिमेश्वर न.पा. का ९ वटै वडाहरू | |
| २ | शैलुङ सब-डिभिजन वन कार्यालय | शैलुङ गा.पा. २, मागापौवा | शैलुङ गा.पा. का ८ वटै वडाहरू | |
| ३ | मेलुङ सब-डिभिजन वन कार्यालय | मेलुङ गा.पा. ७, सित्तली | मेलुङ गा.पा. का ७ वटै वडाहरू | |
| ४ | तामाकोशी सब-डिभिजन वन कार्यालय | तामाकोशी गा.पा. ३, जफे | तामाकोशी गा.पा. का ७ वटै वडाहरू | |
| ५ | हनुमन्ते सब-डिभिजन वन कार्यालय | जिरी न.पा. ३, हाटडाँडा | जिरी न.पा. को वडा नं. १ र २ (साविक माली गा.वि.स.को क्षेत्र) बाहेक सबै तथा बैतेश्वर गा.पा. सबै ८ वटा वडाहरू | बाँकी क्षेत्र गौरीशङ्कर संरक्षण क्षेत्र अन्तर्गत |
| ६ | कालिञ्चोक सब-डिभिजन वन कार्यालय | कालिन्चोक गा.पा. ३, सिंगटी | गौरीशङ्कर गा.पा. को वडा नं. १, २, ३ र ४<br>कालिञ्चोक गा.पा. को वडा नं. १ बाहेक सबै र<br>बिगु गा.पा. को वडा नं. ८ | |




*चित्र १: डिभिजन वन कार्यालयको कार्यक्षेत्रको नक्सा*

## ३ डिभिजन वन कार्यालयको काम, कर्तव्य

(क) जिल्लाको वन क्षेत्रको संरक्षण, सम्बर्द्धन र सदुपयोग गर्न प्रवर्द्धनात्मक र नियमन सम्बन्धी विभिन्न कार्यक्रम कार्यान्वयन गर्ने ।

(ख) नागरिकलाई दैनिक उपभोगका लागि चाहिने वनसँग सम्बन्धित वस्तु एवम् सेवाको आपूर्ति व्यवस्थापन र उद्योगका लागि वनजन्य कच्चा पदार्थको व्यवस्थापन गर्ने ।

(ग) जलवायु परिवर्तनको प्रतिकूल प्रभाव न्यूनीकरण र अनुकूलनका उपायहरूको अवलम्बन गर्ने ।

(घ) वन क्षेत्रसँग सम्बन्धित नीति, ऐन, नियम तथा मार्गदर्शनहरूको कार्यान्वयन मार्फत वन क्षेत्रको सुशासन कायम गर्ने ।

(ङ) वन क्षेत्रको आवधिक सर्वेक्षण तथा उत्पादन क्षमता आँकलन गर्ने ।

(च) वन तथा वातावरण मन्त्रालय, वन निर्देशनालय, बागमती प्रदेश तथा अन्य तालुक निकायहरूको निर्देशनमा रहेर काम गर्ने।


## ४ साङ्गठनिक संरचना

| सि.नं. | तह | पद | दरबन्दी | हाल कार्यरत सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | अधिकृतस्तर दशौं/नवौं | डिभिजनल वन अधिकृत | १ | १ | |
| २ | अधिकृतस्तर सातौं/आठौं | वन अधिकृत | ९ | ९ | |
| ३ | सहायकस्तर पाँचौं/अधिकृतस्तर छैठौं | रेञ्जर/अधिकृत | १५ | ११ | |
| ४ | सहायकस्तर पाँचौं/अधिकृतस्तर छैठौं | लेखापाल/अधिकृत | १ | १ | |
| ५ | सहायकस्तर पाँचौं/अधिकृतस्तर छैठौं | ना.सु./अधिकृत | २ | २ | |
| ६ | सहायकस्तर चौथो/पाचौं | फरेष्टर/रेञ्जर | ६ | ५ | |
| ७ | श्रेणी विहिन | वन रक्षक | १२ | ११ | |
| ८ | श्रेणी विहिन | कार्यालय सहयोगी | २ | २ | २ करार |
| ९ | श्रेणी विहिन | हलुका सवारी चालक | २ | २ | २ करार |
| १० | श्रेणी विहिन | चौकीदार | १ | १ | १ करार |
| | **जम्मा** | | **५१** | **४५** | |

## ५ जिल्लामा वन व्यवस्थापन मोडालिटी र संलग्न समूह/समुदायहरूको विवरण

जिल्लाको कुल क्षेत्रफल २१४८७० हेक्टरमध्ये गौरीशङ्कर संरक्षण क्षेत्रमा पर्ने साविकका १४ वटा गा.वि.स.हरूको क्षेत्रफल १३६४६४ हेक्टर (कुल क्षेत्रफलको ६३.५१%) रहेको छ। बाँकी रहेको क्षेत्र मात्र डिभिजन वन कार्यालयको कार्यक्षेत्र अन्तर्गत पर्दछ। डिभिजन वन कार्यालयको कार्यक्षेत्रभित्र हालसम्ममा हस्तान्तरण भएका सामुदायिक वन, कबुलियती वन, धार्मिक वन र दर्ता भएका निजी वनको विवरण निम्न तालिकामा देखाइएको छ।

| सि.नं. | हस्तान्तरित वनको किसिम | सङ्ख्या | क्षेत्रफल (हे.) | कैफियत |
|---|---|---|---|---|
| १ | सामुदायिक वन | ३८५ | २८,८३१.३४ | |
| २ | कबुलियती वन | १६४ | ८७८.९६ | |
| ३ | निजी वन | २६ | १६.०० | |
| ४ | धार्मिक वन | २ | ६.२१ | |



## ६ डिभिजन वन कार्यालय, दोलखाबाट प्रदान हुने सेवाको विवरण (नागरिक बडापत्र)

| क्र.सं. | सेवाको प्रकार | आवश्यक प्रक्रिया र कागजात | लाग्ने दस्तुर | सम्बद्ध शाखा | लाग्ने समय |
|---|---|---|---|---|---|
| १ | सा.व.उ.स. एवं क.व.स. समूह गठन | डि.व.का. वा सब-डि.व.का.मा निवेदन पेस गर्ने। गा.पा./न.पा.को सिफारिस पेस गर्नुपर्ने । | नलाग्ने | वन व्यवस्थापन तथा जैविक विविधता शाखा | १०-२० दिन |
| २ | सा.व. एवं क.व. दर्ता | समूहको विधान ४ प्रति तयार गरी डि.व.का.मा पेस गर्ने । | नलाग्ने | वन व्यवस्थापन तथा जैविक विविधता शाखा | ७ दिन |
| ३ | सा.व. एवं क.व. को कार्ययोजना तयारी | सब-डि.व.का.को सहयोगमा ४ प्रति कार्ययोजना तयार गरी डि.व.का.मा पेस गर्ने। | नलाग्ने | स.डि. वन कार्यालयका व.अ. | १-२ महिना |
| ४ | सा.व. एवं क.व. हस्तान्तरण | समूहद्वारा पारित कार्ययोजना सहित समूहको निवेदन डि.व.का.मा पेस गर्ने । | नलाग्ने | वन व्यवस्थापन तथा जैविक विविधता शाखा | ७ दिन |
| ५ | वन सम्बर्द्धन तथा व्यवस्थापन कार्यमा प्राविधिक सहयोग | कार्यक्रम प्रारम्भ हुनु भन्दा ७ दिन अघि जानकारी सहित प्राविधिक सहयोगका लागि सब-डिभिजन वन कार्यालयमा पत्राचार गर्ने । | नलाग्ने | डि.व.का. एवं सब-डि.व.का. का वन प्राविधिक | ७ दिन |
| ६ | सामुदायिक वनको वन कार्ययोजना नविकरण र विधान संशोधन | समूहको निवेदन, आमभेलाको निर्णय, सब-डि.व.का.को सिफारिस, र कार्ययोजना तथा विधान ४/४ प्रति पेस गर्नुपर्ने । | नलाग्ने | डिभिजन एवं सब.डि.व. कार्यालयका व.अ. | १-२ महिना |
| ७ | सामुदायिक वनको टाँचा दर्ता | समूहको निवेदन, आमभेलाको निर्णय, सब-डि.व.का.को सिफारिस र टाँचा पेस गर्नु पर्ने। | नलाग्ने | वन उद्यम तथा सदुपयोग शाखा | सोही दिन |
| ८ | सा.व. एवं क.व. उपभोक्ता समूहको खाता सञ्चालन तथा KYC अपडेट सिफारिस | सा.व.उ.स./क.व.स.को निवेदन, आम भेलाको निर्णय, सब-डि.व.का.को सिफारिस र बैङ्क खाता सञ्चालनको लागि चाहिने सम्बन्धित बैङ्कको फारम पेस गर्नु पर्ने। | नलाग्ने | वन व्यवस्थापन तथा जैविक विविधता शाखा | सोही दिन |
| ९ | धार्मिक वन दर्ता | नियमानुसार दर्ता भएका धार्मिक निकाय/समूह/संस्था/समुदायको निर्णय सहितको निवेदन, वडा कार्यालयको सिफारिस, धार्मिक वन व्यवस्थापन योजना र संस्थाको विधान ३/३ प्रति पेस गर्नु पर्ने । | नलाग्ने | वन व्यवस्थापन तथा जैविक विविधता शाखा | १४ दिन |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | निजी वन दर्ता सहजीकरण र स्थानीय तहमा दर्ताको लागि सिफारिस | निवेदन, वडा कार्यालयको सिफारिस, नागरिकताको प्रतिलिपि जग्गाधनि प्रमाण पूर्जा, हालसालै तिरो तिरेको मालपोत रसिद र कित्ता खुलेको नापी नक्सा र फिल्डबुक पेस गर्नु पर्ने। | नलाग्ने | वन उद्यम तथा सदुपयोग शाखा | ७-१५ दिन |
| ११ | डि.व.का.को नर्सरीबाट विरुवा वितरण | निवेदन र वृक्षारोपण गरिने जग्गाको लालपूर्जाको प्रतिलिपि पेस गर्नुपर्ने । | नलाग्ने | वन व्यवस्थापन तथा जैविक विविधता शाखा | १ दिन |
| १२ | निजी आबादीको वन पैदावार सङ्कलन तथा निकासी ईजाजत। | जग्गाधनी पूर्जा, तिरोको रसिद, नागरिकता वा उद्योग दर्ताको प्रतिलिपि, वडा कार्यालयको सिफारिस, हालसालै तिरो तिरेको मालपोत रसिद, कित्ता खुलेको नापी नक्सा, बिक्री गर्ने भए बिक्रीनामा वा मञ्जुरीनामा र निवेदन पेस गर्ने । | बिक्री मूल्यको १३ प्रतिशत मू.अ.कर र २ प्रतिशत प्रदेश सेवा शुल्क। | वन उद्यम तथा सदुपयोग शाखा | १५-३० दिन |
| १३ | सामुदायिक वनको वन पैदावार सङ्कलन सहमति दिने । | सङ्कलनको लागि समूहको साधारण सभाको निर्णय, वन पैदावारको माग सङ्कलनको विवरण, वार्षिक प्रतिवेदन, लेखापरिक्षण प्रतिवेदन, सब-डि.व.का.को सिफारिस पेस गर्नु पर्ने । | नलाग्ने | वन उद्यम तथा सदुपयोग शाखा | १-२ दिन |
| १४ | सा.व.को वन पैदावार लिलाम सहमति दिने । | समितिको निर्णय, वन पैदावारको उत्पादन तथा आन्तरिक खपतको विवरण, लिलाम गर्नुपर्ने पैदावारको विवरण, सब-डि.व.का.को सिफारिस र समूहको पत्र पेस गर्नु पर्ने । | नलाग्ने | वन उद्यम तथा सदुपयोग शाखा | १-२ दिन |
| १५ | सामुदायिक वनको वन पैदावार निकासी सहमति दिने । | समूहको पत्र, सङ्कलन पूर्जी, लिलाम भएको भए लिलाम सदरको कागजात, समूहको खातामा रकम जम्मा गरेको भौचर, कर जम्मा गरेको भौचर, सब डिभिजनको सिफारिस। | मू.अ.कर र अन्य नियमानुसारको कर। | वन उद्यम तथा सदुपयोग शाखा | १-२ दिन |
| १६ | सरकारद्वारा व्यवस्थित वनबाट जडीबुटी सङ्कलन तथा निकासी ईजाजत | सङ्कलन गर्ने प्रजाति, स्थान, परिमाण तथा सङ्कलन गर्ने उद्देश्य खुलाई डि.व.का.मा निवेदन पेस गर्ने। व्यक्ति भए नागरिकताको प्रतिलिप तथा उद्योग भए दर्ता प्रमाण पत्र लगायतका कागजातको प्रतिलिपि तथा वडा कार्यालयको सिफारिस। | धरौटी राख्नुपर्ने | वन उद्यम तथा सदुपयोग शाखा | ७-२० दिन |
| १७ | दैविप्रकोपमा काठ उपलव्ध | जिल्ला विपद् व्यवस्थापन समितिको सिफारिस, स्थानीय तहको सिफारिस र नागरिकताको प्रतिलिपि सहित डि.व.का.मा निवेदन पेस गर्ने। | नियमानुसार | वन उद्यम तथा सदुपयोग शाखा | ७ दिन |
| १८ | वन्यजन्तुबाट हुने क्षतिको राहतको लागि सिफारिस र वितरण | पीडितको निवेदन, सम्बन्धित स्थानीय तहको सिफारिस, नजिकको सा.व.उ.स.को सिफारिस, घटनाको अवस्था देखिने फोटो, नागरिकताको प्रतिलिपि, सर्जमिन मुचुल्का<br>➢ पशु/बाली क्षति भए पशु सेवा शाखा/कृषि शाखाको सिफारिस, जग्गाधनी प्रमाण पूर्जा<br>➢ मानवीय क्षति भए स्वास्थ्य संस्थाको सिफारिस र बिल, पीडितको फोटो, मृत्यु दर्ता प्रमाण पत्र वा अपाङ्गताको प्रमाणपत्र, प्रहरी प्रतिवेदन, नाता प्रमाणित कागजात पेस गर्नुपर्ने ।<br>➢ निवेदकको चेक र स्थायी लेखा नं. को छाँयाप्रति | नलाग्ने | वन व्यवस्थापन तथा जैविक विविधता शाखा | निर्णय तथा सिफारिस गरी पठाउने। रकम प्राप्त भएपछि वितरण १ दिन। |

| | | | | | |
|---|---|---|---|---|---|
| १९ | वन पैदावार सम्बन्धी उद्योग दर्ता (घर जग्गा बाहेक स्थीर पूँजी ५ लाख देखि २० लाख रुपैयाँ सम्मका उद्योग मात्र) | उद्योग सञ्चालन गर्ने स्थानको जग्गाको स्वामित्व भएको प्रमाण, ढाँचा अनुसारको निवेदन, सब-डि.व.का.को सिफारिस तथा वन क्षेत्रबाट दूरी प्रमाणित प्रतिवेदन, सर्जमिन मुचुल्का, नागरिकताको प्रतिलिपि, तिरो तिरेको रसिद, नापी नक्सा, प्रादेशिक कानूनमा तोकिएका अन्य कागजातहरू | प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन, २०७६मा उल्लेख भए बमोजिम राजस्व | वन उद्यम तथा सदुपयोग शाखा | ७ दिन सम्म |
| २० | पावर चेन सः दर्ता | पावर चेन सः को विवरण, प्रयोग गर्ने स्थान खुलाई निवेदन, चेन सः खरिदको बिलको प्रतिलिपि, स्थानीय तहको सिफारिस, सा.व.उ.स.को सिफारिस | नलाग्ने | वन उद्यम तथा सदुपयोग शाखा | १ दिन |
| २१ | सःमिलको टाँचा दर्ता | प्रोप्राइटरको निवेदन, उद्योग दर्ता भएको प्रमाण, सब-डि.व.का.को सिफारिस र टाँचा पेस गर्नु पर्ने। | रु. २,५००/- (नयाँ दर्ता)<br>रु. ५००/- (वार्षिक नवीकरण) | वन उद्यम तथा सदुपयोग शाखा | १ दिन |
| २२ | वन संरक्षण तथा प्रशासनिक कार्य | वन संरक्षण तथा वन मुद्दा सम्बन्धी कार्य | नियमानुसार | वन व्यवस्थापन तथा जैविक विविधता शाखा | कानून अनुसार |
| २३ | धरौटी दाखिला तथा फिर्ता लगायत आर्थिक प्रशासनिक कार्य | निवेदन पेस गर्ने | नलाग्ने | आर्थिक प्रशासन शाखा | प्रकृति हेरी १-५ दिन |
| **सेवा प्रवाहमा गुनासो भए डिभिजनल वन अधिकृत/कार्यालय प्रमुखलाई सम्पर्क गर्नु हुन ।** | | | | | |
| **E-mail:** *doldfo.mofe@bagamati.gov.np, dolakhadfo2020@gmail.com* | | | | | |
| **सम्पर्क नं.** : ०४९-४२११३५, ९८५४०४६१३५ (डि.व.अ.), ९८५४०२०१५९ (सूचना अधिकारी) | | | | | |

## ७ वार्षिक कार्यक्रम र वजेट

आ.व. २०८१/८२ को वार्षिक कार्यक्रम तथा बजेट देहाय अनुसार प्राप्त भएका छन्।

| सि.नं. | कार्यक्रमको नाम | बजेट (रु. लाखमा) | कैफियत |
|---|---|---|---|
| १ | राष्ट्रिय वन संरक्षण तथा व्यवस्थापन कार्यक्रम | २०१.२६ | |
| २ | वातावरण संरक्षण तथा शहरी वन कार्यक्रम | १११.२० | |
| ३ | राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम (संघ शसर्त अनुदान) | २० | |
| ४ | जडिबुटी विकास कार्यक्रम (संघ शसर्त अनुदान) | १७.५ | |
| ६ | डिभिजन वन कार्यालयहरू | ४६२.८८ | |
| ७ | वातावरण विभाग (संघ शसर्त अनुदान) | २५ | |
| **जम्मा** | | **८३७.८४** | |

## ८ आ.व. २०८१/८२ को पहिलो त्रैमासिकमा सञ्चालन भएका कार्यक्रमको विवरण तथा खर्च

*तालिका - खर्चको प्रगति*

| संघीय सशर्त तर्फको खर्च प्रगति | विनियोजित वजेट (रु. हजारमा) | | | खर्च(रु. हजारमा) | | | वित्तीय प्रगति प्रतिशत | | | भौतिक प्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | |
| तेस्रो त्रैमासिक मात्र | ० | १२६ | १२६ | ० | ४८ | ४८ | ० | ३८।१० | ३८ | ४३ |
| तेस्रो त्रैमासिक सम्म | ३०० | १०७८ | १३७८ | ० | ७१७ | ७१७ | ० | ६६।५१ | ५२ | ४७ |
| वार्षिक | ३०० | ५९५० | ६२५० | ०।०० | ७१७ | ७१७ | ० | १२।०५ | ११ | ४५ |

| प्रदेश कार्यक्रम तर्फको खर्च प्रगति | विनियोजित वजेट (रु. हजारमा) | | | खर्च(रु. हजारमा) | | | वित्तीय प्रगति प्रतिशत | | | भौतिक प्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | |
| **तेस्रो त्रैमासिक मात्र** | १३६०० | ७६०७ | २१२०७ | ८२५४.२७ | ५१७७.६८ | १३४३१.९५ | ६०.६९ | ६८.०६ | ६३.३४ | ७५.३१ |
| **तेस्रो त्रैमासिक सम्म** | ४२१३६ | १७०६२ | ५९१९८ | २४४१७.७६ | ६००७.८४ | ३०४२५.६० | ५७.९५ | ३५.२१ | ५१.४० | ६६.५७ |
| **वार्षिक** | **५३८११** | **२३७२३** | **७७५३४** | **२४४१७.७६** | **६००७.८४** | **३०४२५.६०** | **४५.३८** | **२५.३२** | **३९.२४** | **५४.९३** |

*तालिका — कार्यक्रमहरूको प्रगति*

| कार्यक्रमको नाम | विनियोजित वार्षिक बजेट (रु हजारमा) | चालु आ.व. को जम्मा खर्च | वित्तीय प्रगति प्रतिशत | मुख्य-मुख्य उपलब्धिहरू |
|---|---|---|---|---|
| राष्ट्रिय वन संरक्षण तथा व्यवस्थापन | २०१२६ | ५११९.३८ | २५.४४ | कार्ययोजना (सा.व. र क.व) निर्माणको क्रममा, स्थलगत अभ्यास सम्पन्न, गोष्ठीहरू सम्पन्न, पुनरोत्पादन प्रवर्द्धन, संरक्षण र वृक्षारोपणको लागी स्थान छनौट सम्पन्न |
| वातावरण संरक्षण तथा शहरी वन | १११२० | ३९७३ | ३५.७३ | २ वटा उद्यानको संरचना निर्माणको काम सम्पन्न, वृक्षारोपणको लागी स्थान छनौट सम्पन्न, वन डढेलो व्यवस्थापन योजना कार्यान्वयनमा, पुर्नभरण पोखरी निर्माणको क्रममा |
| डिभिजन वन कार्यालयहरू | ४६२८८ | २१३३० | ४६.०८ | सव-डिभिजनमा हाजिरी मेसिन जडान, कार्यालयको संरचनामा निर्माण भैरहेको |
| जडिबुटी विकास | १७५० | २६५ | १५.१४ | विरूवा उत्पादन जारी, प्रस्ताव आह्वान तथा स्थान छनौट सम्पन्न |
| वातावरण विभाग | २५०० | ० | ० | स्थान छनौट सम्पन्न |
| राष्ट्रिय वन विकास तथा व्यवस्थापन | २००० | ४५२ | २३ | विरूवा उत्पादन जारी, दिगो वन व्यवस्थापन मार्फत काठदाउरा उत्पादन कार्यक्रम जारी, वन डढेलो व्यवस्थापन कार्ययोजना कार्यान्वयन भईरहेको |

## ९  २०८१ साल पौष मसान्तसम्मको मुख्य मुख्य वस्तुगत उपलब्धि

- उत्तिस, गोब्रेसल्ला, पाटेसल्ला, चिलाउने लगायत प्रजातिका जम्मा ६२४९८८.७ क्यु.फि. काठ निजी आबादीबाट हालसम्म निकासी भएको।
- १२४ हजार जनाको वन क्षेत्रबाट रोजगारी सिर्जना भएको ।
- १४०५५८०४ रूपैया राजश्व वन क्षेत्रबाट आम्दानी भएको ।
- ४१४०० वटा विरुवा उत्पादनको क्रममा रहेको ।
- २१ वटा सामुदायिक वन तथा ९ चटा कबुलियती वनको कार्ययोजना नविकरण गरिएको ।
- २ वटा उद्यानको पहिलो रनिङग विलको भुक्तानी दिईएको
- ३ वटा सामुदायिक वनमा वन सम्वर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन कार्ययोजना लागु भई वन व्यवस्थापन भईरहेको
- २ वटा सल्लाको वृक्षारोपण गरिएको सामुदायिक वनमा थिनिङ्ग योजना बनाई पत्ल्याउने कार्य भईरहेको

## १० प्राप्त राजश्वको विवरण

| सि.नं. | राजश्व शीर्षक | सङ्कलित राजश्व (रु.) | कैफियत |
|---|---|---|---|
| १ | १४२२९ - अन्य प्रशासनिक सेवा शुल्क | ७०२५ | |
| २ | १४२५३ - व्यावसाय रजिष्ट्रेशन दस्तुर | १२००० | |
| ३ | १४२६४ - वन क्षेत्रको अन्य आय | २१६०९२७ | |
| ४ | १५१११ — बेरुजु | ० | |
| ५ | ३३३६१- वन क्षेत्रको रोयल्टी | २३७६७६ | |
| | **जम्मा** | **२४१७६२८** | |

## ११ सूचना अधिकारी :

**नामः चिरञ्जिवी थापा मगर**

**पद : वन अधिकृत**

**सम्पर्क नं. : ९८५४०२०१५९**

## १२ गुनासो सुन्ने अधिकारी :

**नामः कृष्ण राज न्यौपाने**

**पदः डिभिजनल वन अधिकृत**

**सम्पर्क नं. : ९८५४०४६१३५**

## १३ कार्यालय प्रमुखको नाम र पदः

कृष्ण राज न्यौपाने, डिभिजनल वन अधिकृत

## १४ कार्यालयसँग सम्बन्धित मुख्य मुख्य ऐन, नियमावली, कार्यविधि र निर्देशिकाहरूको सूची विवरण

क. वन ऐन, २०७६

ख. वन नियमावली, २०७९

ग. वातावरण संरक्षण ऐन, २०७६

घ. वातावरण संरक्षण नियमावली, २०७७

ङ. प्रदेश राष्ट्रिय वन ऐन, २०७५

च. वातावरण संरक्षण ऐन, २०७७ (बागमती प्रदेश)

छ. प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६

ज. प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन, २०७६

झ. सामाजिक सुरक्षाका लागि दाउरा आपूर्ति कार्यविधि, २०७९

ञ. वन पैदावारमा आधारित उद्योग र राष्ट्रिय वन बिचको दूरी सम्बन्धी मापदण्ड, २०७७

ट. नदीजन्य पदार्थ (सङ्कलन र उपयोग) सम्बन्धी कार्यविधि, २०७५

ठ. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९

ड. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३०

ढ. वन्यजन्तुबाट भएको क्षतिको राहत वितरण निर्देशिका, २०८०

ण. व्यावसायिक रूपमा वन्यजन्तुको पालन, प्रजनन् तथा उपयोगसम्बन्धी मापदण्ड, २०८०

त. सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३

थ. सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण नियमावली, २०७६

द. सामुदायिक वन स्रोत सर्वेक्षण मार्गदर्शन, २०६१

ध. सामुदायिक वनको काठ-दाउरा सङ्कलन तथा बिक्री वितरण निर्देशिका, २०७१

न. वन पैदावार सङ्कलन तथा बिक्री वितरण निर्देशिका, २०७३

## १६ डिभिजन वन कार्यालय दोलखाबाट तेस्रो त्रैमासिकमा सञ्चालित कार्यक्रमहरूको तस्बिरहरू





खोरथली सामुदायिक वन, भी.न.पा. ३ र ६ मा वन सम्बर्द्धन प्रणालीमा आधारित कार्ययोजनाको कार्यान्वयन




वन डढेलो नियण्त्रणको लागी सयुक्त फिल्ड अभ्यासको तयारी






कार्यालय परिसरको नियमित सम्भार तथा अग्नि नियण्त्रक सामग्री प्रर्दशनी स्थल निर्माण



वन क्षेत्र सुरक्षा समन्वय समितिको बैठक



वन डढेलो व्यवस्थापन तथा नियन्त्रण र सालक संरक्षण सम्बन्धी सचेतना कार्यक्रम













सव-डिभिजन वन कार्यालयहरूबाट सञ्चालित केहि कार्यक्रमहरू